# श्री राजकुडा सामुदायिक वन उपभोक्ता समुह
## बुद्धभुमी न.पा. वडा नं. १, विरपुर
## बोलपत्रद्वारा काठ दाउरा लिलाम विक्रीको सूचना
### प्रथम पटक प्रकाशित मिति : २०८१/०३/२८

राजकुडा सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा स्वीकृत वन कार्ययोजना अनुसार थिनिङ तथा सुधार कटान बाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८१।०३।२८गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वोलपत्र खरिद गरी २२ औ दिन सम्म दाखिला गर्न आव्हान गरिन्छ ।

१ वन पैदावारको विवरण

| क.स. | लट नं. | जात | ग्रेड | थान | कुल परिमाण (क्यु.फि.) | न्युनतम मुल्य प्रति क्यु.फिट | न्युनतम मुल्यांकन | घाङ नं. | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | साल | A | १७ | ३२७.१९ | १००० | ३२७१९० | १ /३ ५/६/७ | TI/IF | प्रति क्यु.फिट रू. १२९ |
| | | साल | B | १०५ | १२६४.५४ | ७०० | ८८५१७८ | | | |
| | | साल | C | ४७१ | २०८९.८४ | ५०० | १०४४९२० | | | |
| | | साल | D | ८९ | १७४.०४ | २५० | ४३५१० | | | |
| जम्मा | | | | ६८२ | ३८५५.६१ | | २३००७९८ | | | |
| २ | १० | असना | A | २८ | ८५५.७१ | ४००.०० | ३४२,२८४.०० | २/४/८ | TI/IF | प्रति क्यु.फिट रू. १२९ |
| | | असना | B | १९ | २३८.२२ | ३००.०० | ७१,४६६.०० | | | |
| | | असना | C | ४६ | २२१.३७ | १००.०० | २२,१३७.०० | | | |
| | | क्यामुन | | १७ | ८४.६२ | १००.०० | ८,४६२.०० | | | |
| | | जामुन | B | ८ | ७९.६४ | ३००.०० | २३,८९२.०० | | | |
| | | जामुन | C | ५२ | १७८.५९ | १००.०० | १७,८५९.०० | | | |
| | | तेन्दु | | ५ | २६.१० | १००.०० | २,६१०.०० | | | |
| | | वाझी | | ११७ | ५७१.८४ | १००.०० | ५७,१८४.०० | | | |
| | १० | कुसम | | ७ | २१.९४ | १००.०० | २,१९४.०० | | | |
| | | वोट धाइरो | | ११ | ३७.३६ | १००.०० | ३,७३६.०० | | | |
| जम्मा | | | | ३१० | २३१५.३९ | | ५५१८२४.०० | | | |

| क.स. | लट नं. | जात | कुल परिमाण (चट्टा) | न्युनतम मुल्य प्रति चट्टा | न्युनतम मुल्यांकन | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| ८ | ११ | साल दाउरा | १९ | १२०००.०० | २२८०००.०० | TI/IF | प्रति चट्टा रु. १४२००.०० |
| | | अन्य दाउरा | २३ | ४०००.०० | ९२०००.०० | | |
| जम्मा | | | ४२ | | ३२००००.०० | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०४/१७ (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म । उक्त दिन विदा परेमा अर्को कार्यालय खुल्ने दिन १२.०० वजे सम्म ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०४/१८ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म । उक्त दिन विदा परेमा अर्को कार्यालय खुल्ने दिन सोही बमोजिम समयमा ।

(४) वोलपत्र फारम प्रति लटको रु ३००/१०००/३०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, कपिलवस्तुवाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

(५) वोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य वैंक, तौलिहवा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. ३११०१००००९३३१००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा वैंक जमानत पेश गरेको हुनु पर्ने छ । नगद धरौटी मान्य हुने छैन ।

(६) लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सवै ठाउँमा दर्ता भएका वोलपत्रहरु प्राप्त भए पछि साक्षीहरुको रोहवरमा खोलिनेछ । शिलवन्दी वोलपत्र खोल्ने मिति र समय पछि कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ । तोकिएको अवधिमा सकार रकम र संकलन खर्च नवुझाएमा धरौट जफत गरी दोश्रो सकारकर्तालाई पत्राचार गरिनेछ ।

(१०) वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुनेछ ।

(१२) वोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि वमोजिम हुनेछ ।

(१३) बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला वेग्लै खरिद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै खाममा शिलबन्दी गरी खामको वाहिर प्रष्ट नम्वर उल्लेख गरेको हुनुपर्नेछ ।

(१४) सूचना बमोजिम वोलपत्र पेश गरिसकेपछि सूचनाका सर्त संवन्धमा कुनै विवाद स्वतः अमान्य हुनेछ ।

(१५) अन्य कुराहरु वुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

(१६) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको वोलपत्र मान्य हुने छैन ।

(१७) अन्य कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

Scanned with CamScan